"पाँचखाल नगर–कृषि सहर"

# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

प.सं. : ०७६।७७
च.नं. : ३५४६

मिति: २०७७।०१।३१

**नगरबासीमा अपिल**

विश्वभरि महामारीको रुपमा फैलिरहेको कोभिड-१९ बाट नेपालसमेत अछुतो रहन सकेन। नेपालमा पनि तिव्र रुपमा यस रोगको संक्रमण फैलिएसंगै जनजीवन आक्रान्त बन्दै गैरहेको अबस्थामा यस पाँचखाल नगरपालिका तथा नगरबासीले पनि थप सजगता र सतर्कता अपनाउनुपर्ने देखिन्छ। यस परिप्रेक्षमा पाँचखालबासीले अर्को सुचना प्रकाशित नभएसम्मका लागि निम्न लिखित कार्यको पुर्ण पालना गर्नुहुन अनुरोध छः-

- अति आवश्यक काम बाहेक बजारमा ननिस्कने। अति आवश्यक परेमा २ जना भन्दा बढी ब्यक्ति एकैसाथ ननिस्कने।
- संभब भएसम्म एकैपटकमा एक हप्तासम्मको लागि खाद्यान्न खरिद गर्ने।
- अनावश्यक भिडभाड नगर्ने।
- खाद्य व्यवसायीहरुले नगरपालिकाले तोकेको समय(विहान ६ देखि विहान ९ बजेसम्म) मा मात्रै पसल खोल्ने। (औषधि, बिउविजन तथा एग्रोभेटहरुलाई यो नियम लागु हुने छैन।) अन्य पसलहरु केन्द्रीय सरकारले लकडाउन(बन्दाबन्दी) नखोलेसम्म पूर्णरुपमा बन्द गर्ने।
- सामाजिक दुरि कायम गरेर र सुरक्षाका बिधि अपनाएर मात्र विकाश योजनाका कार्यहरु संचालन गर्ने।

माथि उल्लेखित नियमको पालना नगरेमा वा यसको उलंघन गरेमा वा जुनसुकै किसिमको कालोबजारी गरेको पाईएमा कानून बमोजिम कडा भन्दा कडा कारबाही गर्न नगरपालिका बाध्य हुने व्यहोरा जानकारी गरिन्छ। साथै भोलीबाट नगरपालिका कार्यालय तथा सम्पूर्ण वडाअध्यक्षज्यूहरुबाट कडाईका साथ अनुगमन हुने व्यहोरा अनुरोध गरिन्छ।

महेश खरेल
नगर प्रमुख